# मूल मन्त्रको अर्थ र अहलुस्सुनः वलजमाअःको संक्षिप्त सिद्धान्त

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2015 - 1436

IslamHouse.com

# معنى كلمة التوحيد
# وعقيدة أهل السنة والجماعة

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७-९८४७०३०७८०

९८१४४९९१४०

□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामिजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गर्‍यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत  साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुर्‍याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको

पद्धतिलाई उत्तम मानी उसै माथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले मूल मन्त्रको अर्थ र अहले सुन्नतको सिद्धान्तको बारेमा चर्चा गर्ने प्रयास गरेको छु । र मूल मन्त्रको अर्थ वर्णन गर्नुको साथै त्यसका शर्तहरूलाई र अहले सुन्नतको आस्थालाई पनि कुरआन र हदीसको प्रकाशमा सिद्ध गर्ने प्रयास गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

समस्त मुसलमानहरूको यस कुरामा एकमत छ कि इस्लाम धर्मको जग तथा सर्वसृष्टिमाथि लागू हुनेवाल सर्वप्रथम कर्तव्य यस कुराको गवाही दिनु हो कि अल्लाह बाहेक कोही पनि सत्य पूजय छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा हुन् ।

यसै मूल मन्त्रलाई पढेर काफिरहरू इस्लाममा प्रवेश गर्छन्, र इस्लामका कट्टर शत्रुहरू पनि मित्र भइहाल्छन्, र तिनीहरूका शत्रुता मित्रतामा परिणत भइहाल्छ । र कुनै पनि काफिर त्यस समय सम्म मुस्लिम हुन सक्दैन जब सम्म यस मूल मन्त्रलाई आफ्नो मुखले उच्चारण नगरोस्, र आफ्नो हृदयले यसलाई स्वीकार नगरोस् ।

र यो मूलमन्त्र इस्लामको साँचो हो जस्तोकि निम्नको हदीसले यो कुरो पूर्णतः स्पष्ट भइहाल्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

अर्थ : इस्लामको गज (आधार) पाँचवटा स्तम्भमाथि आधारित छ : प्रथम यस कुराको गवाही दिनु कि अल्लाह बाहेक कुनै सत्य पूज्य

छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा हुन, दोस्रो नमाज कायम गर्नु, तेस्रो जकात दिनु, चौथो रमजानको व्रत बस्नु, पाँचौं अल्लाहको घरको यात्रा गर्नु। ( बुखारी, मुस्लिम )

यसर्थ जुन मान्छे शक्ति हुनुको साथ पनि यस मन्त्रलाई उच्चारण गरेर यसमा विश्वास राख्दैन त्यो काफिर नै रहन्छ। इस्लाम धर्मका महान विद् शैखुल् इस्लाम इब्ने तैमिया भन्नु हुन्छ : " जुन मनुष्य शक्ति भएको अवस्थामा पनि यो कलेमा (मन्त्र) पढ्दैन त्यो मान्छे समस्त मुस्लिमहरूको दृष्टिमा काफिर (नास्तिक) नै रहन्छ तर यदि त्यो मान्छे कसै कारण विवश छ भने त्यसको अवस्थानुसार त्यसमाथि हुकुम लागू हुन्छ "।

## लाइलाहा इल्लल्लाहको अर्थ

लाइलाहा इल्लल्लाह एउटा यस्तो वाक्य हो, जसमा स्वीकृति र अस्वीकृति दुवै कुरा पाइन्छ। पहिलो भाग "**लाइलाहा**" मा अस्वीकृति पाइन्छ। अर्थात अल्लाह बाहेक अरु कोही वास्तवमा सत्य पूज्य छैन र नत कुनै पूजा अराधना योग्य छ। यसर्थ सबै असत्य पूज्यहरूको पूजालाई यस

भागमा नकारिन्छ । र दोस्रो भाग **“इल्लल्लाह”** मा स्वीकृति छ अर्थात त्यो अल्लाह मात्र वास्तविक सत्य पूज्य हो, र हरेक प्रकारका पूजा अराधना मात्र त्यसैको लागि विशेष छन् यस कुराको यस भागद्वारा बोध हुन्छ ।

तर कतिपय मूर्खहरूको विचार छ कि यस मूल मन्त्रको अर्थ हो यस कुरालाई स्वीकार्नु कि अल्लाहनै सबैको स्वामी अन्नदाता र रचयता हो, ऊ विद्यमान छ .... आदि । तर यो विचार असत्य र निन्दनीय छ किनकि यदि यस मन्त्रको अर्थ यो नै हुन्थ्यो भने यहूदी, ईसाई र मूर्तिका पुजारीहरूलाई एकेश्वरवादको निमन्त्रण दिनुको कुनै अर्थ नै छैन, किनकि उनीहरू पनि यसकुरामा आस्था राख्छन् कि सम्पूर्ण जगतको स्वामी अल्लाह नै हो र समस्त ब्रहमाण्डमाथि उसैको अधिपत्य र शासन एवं सत्ता छ । तर उनीहरू अल्लाहको साथ अरुलाई पनि अराध्य र पूज्य मान्छन् यसै कारण उनीलाई काफिर भनिन्छ । अल्लाह इब्राहीमको वृतान्त वर्णन गर्दै भन्नु हुन्छ :

﴿ وَإِذْ قَالَ إِبْرَٰهِيمُ لِأَبِيهِ وَقَوْمِهِۦٓ إِنَّنِى بَرَآءٌ مِّمَّا تَعْبُدُونَ ﴿٢٦﴾ إِلَّا ٱلَّذِى فَطَرَنِى فَإِنَّهُۥ سَيَهْدِينِ ﴿٢٧﴾ وَجَعَلَهَا كَلِمَةًۢ بَاقِيَةً فِى عَقِبِهِۦ لَعَلَّهُمْ يَرْجِعُونَ ﴿٢٨﴾ ﴾ الزخرف: ٢٦ - ٢٨

अर्थ : जब इब्राहीम(अलैहिस्सलाम)ले आफ्ना पिता र आफ्नो जातिबन्धुसित भनेः कि "तिमीले जसलाई पूज्दछौ, उनीहरूसित मेरो कुनै सरोकार छैन ? हो, जसले मलाई सृष्टि गरेको छ, त्यसले मलाई सोभ्को बाटो पनि देखाउनेछ ।"र (इब्राहीम अलैहिस्सलाम) यही कुरा आफ्ना सन्ततिमा छोडेर गए, ताकि उनीहरू शिर्क नगरुन् । ( सूरतुज्जुखरुफ २६-२८ )

अर्थात मात्र एक अल्लाह (पूज्य) को पूजा नै स्वीकार्य छ, र बहुदेववादको इस्लाममा कुनै स्थान छैन ।

तर कतिपयजना यो शंका गर्छन् कि लाइलाहा इल्लल्लाहको उपरोक्त अर्थ कसरी सही र दुरुस्त हुन्सक्छ जबकि अल्लाह बाहेक अरु वस्तुलाई पनि जिनको पूजा गरिन्छ तिनीलाई इलाह र आलेहा शब्दद्वारा सम्बोधित गरिएको छ । जसरी कि अल्लाहको फर्मान छ :

﴿ وَمَا ظَلَمْنَٰهُمْ وَلَٰكِن ظَلَمُوٓاْ أَنفُسَهُمْۖ فَمَآ أَغْنَتْ
عَنْهُمْ ءَالِهَتُهُمُ ٱلَّتِي يَدْعُونَ مِن دُونِ ٱللَّهِ مِن شَيْءٍ لَّمَّا جَآءَ
أَمْرُ رَبِّكَۖ وَمَا زَادُوهُمْ غَيْرَ تَتْبِيبٍ ﴿١٠١﴾ ﴾ هود: ١٠١

अर्थ : र हामीले तिनीहरू माथि कुनै अत्याचार गरेका होइनौं बरु तिनीहरूले आफैमाथि अत्याचार गरेका हुन्, जब तिम्रो पालनकर्ताको आदेश आइपुग्यो त जुन देवताहरूलाई तिनीहरूले अल्लाह बाहेक पुकार्दथे तिनीहरू उनीहरूको कुनै पनि काम आएनन् । अपितु उनीहरूको नोक्सानी नै बढाइदिए । ( सूरतु हूद १०१ )

त यस सन्देहको उत्तर यो हो कि ती उपास्यहरू असत्य र पूजा योग्य छैनन् किनकि उनी वास्तवमा पूज्य नै होइनन् । र असत्यलाई असत्य प्रमाणित गर्नुको लागि त्यसको नाम त लिनु नै पर्छ यो कुनै अनोठो कुरो होइन । र यस कुराको समर्थन कुरआनको यो श्लोक गर्छ हेर्नुस् !

﴿ ذَٰلِكَ بِأَنَّ ٱللَّهَ هُوَ ٱلْحَقُّ وَأَنَّ مَا يَدْعُونَ مِن
دُونِهِۦ هُوَ ٱلْبَٰطِلُ وَأَنَّ ٱللَّهَ هُوَ ٱلْعَلِيُّ ٱلْكَبِيرُ ﴿٦٢﴾

﴾ الحج: ٦٢

अर्थ : यी सबै यसकारणले कि अल्लाह नै सत्य छ र उस बाहेक जसलाई पनि यिनीहरूले पुकार्दछन् त्यो असत्य छ, र यो कि अल्लाह नै सर्वोच्च र महान छ । ( सूरतुल् हज्ज ६२ )

त हामीलाई थाहा के हुन्छ कि जति पनि पूज्यहरूको पूजा गरिन्छ ती पूजा योग्य छैनन् किनकि ती वस्तुहरू पूज्य होइनन् अनि पूजा किन गर्ने ?

यसर्थ सावधान ! मनुष्यको कुनै कार्य अथवा कुनै उपासना अल्लाह समीप त्यस समयसम्म स्वीकार्य हुँदैन जबसम्म मनुष्य एकेश्वरवाद ( तौहीद ) लाई नअपनाओस्, र आफ्नो हृदयले यो गवाही नदेओस् कि मात्र एक अल्लाह नै सत्य पूज्य हो । र बहुदेववाद तथा बहुदेववादीहरूबाट टाढा नभइजाओस् । किनकि अल्लाहको भनाई छ :

﴿ لَقَدۡ كَفَرَ ٱلَّذِينَ قَالُوٓاْ إِنَّ ٱللَّهَ هُوَ ٱلۡمَسِيحُ ٱبۡنُ
مَرۡيَمَۖ وَقَالَ ٱلۡمَسِيحُ يَٰبَنِيٓ إِسۡرَٰٓءِيلَ ٱعۡبُدُواْ ٱللَّهَ رَبِّي
وَرَبَّكُمۡۖ إِنَّهُۥ مَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدۡ حَرَّمَ ٱللَّهُ عَلَيۡهِ ٱلۡجَنَّةَ
وَمَأۡوَىٰهُ ٱلنَّارُۖ وَمَا لِلظَّٰلِمِينَ مِنۡ أَنصَارٖ ٧٢ ﴾
المائدة: ٧٢

अर्थ : तिनीहरू निःसन्देह काफिर हुन् जसले भन्दछन् कि मरियमका छोरा ईसा मसीह अल्लाह हुन् जबकि मसीहले यो भन्दै गर्दथे कि हे बनी इस्राईल ! अल्लाहकै उपसाना गर जो कि मेरो पनि पालनकर्ता हो र तिम्रो पनि । जानिराख कि जसले अल्लाहसँग साभ्रेदार ठहराउँछ, अल्लाहले उसको लागि स्वर्गमा प्रवेश हराम (निषेध) गरिदिएको छ र उसको बासस्थान नर्क हुनेछ । र पापीहरूको कोही पनि सहयोगी हुनेछैन । ( सूरतुल् माइदः ७२ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن
يَشَآءُۚ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدِ ٱفۡتَرَىٰٓ إِثۡمًا عَظِيمًا ٤٨ ﴾
النساء: ٤٨

अर्थ : नि:सन्देह अल्लाह आफ्नो साझेदार बनाउनेलाई क्षमा गर्ने छैन र उस बाहेक अन्य जसलाई चाहन्छ माफ गरिदिन्छ र जसले उसँग कसैको साझेदारी ठहराउँछ, त्यसले जघन्य अपराध गर्दछ । ( सूरतुन्निसा ४८ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُۚ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدۡ ضَلَّ ضَلَٰلَۢا بَعِيدًا ١١٦ ﴾

النساء: ١١٦

अर्थ : अल्लाहले उसलाई क्षमा गर्दैन जसले कसैलाई अल्लाहको साझेदार बनाउँछ तर यस बाहेक अन्य जस पापलाई चाहन्छ, क्षमा गरिदिन्छ र जसले कसैलाई अल्लाहको साझेदार ठह्रायो, त्यसले आफ्नो सही बाटो छाडि धेरै कुबाटोमा लागिसकेको हुन्छ । ( सूरतुन्निसा ११६ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَإِذۡ قَالَ لُقۡمَٰنُ لِٱبۡنِهِۦ وَهُوَ يَعِظُهُۥ يَٰبُنَيَّ لَا تُشۡرِكۡ بِٱللَّهِۖ إِنَّ ٱلشِّرۡكَ لَظُلۡمٌ عَظِيمٞ ١٣ ﴾ لقمان: ١٣

अर्थ : र (स्मरण गर) जब लुक्मान( अलैहिस्सलाम)ले आफ्ना छोरालाई उपदेश गर्दै

भने: कि मेरो प्यारो छोरा ! अल्लाहको साथमा कसैलाई साझेदार नठहराउनु, निश्चय नै शिर्क ( बहुदेववाद) ठूलो अत्याचार हो । ( सूरतु लुक्मान १३ )

र हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

अर्थ : जुन व्यक्तिले मूलमन्त्र पढ्यो र ऊ सबै कुराहरूको इन्कार गऱ्यो जसको अल्लाह बाहेक उपासना गरिन्छ त त्यस व्यक्तिको धन सम्पत्ति र ज्यान सुरक्षित भइहाल्यो, र त्यसको हिसाब अल्लाहमाथि छ । ( मुस्लिम )

अर्थात त्यसको नीयतको जानकारी मात्र अल्लाहलाई नै छ तसर्थ त्यो नै त्यसबारे त्यससित हिसाब किताब गर्नेछ ।

र शिर्क विभिन्न प्रकारका हुन्छन् जसरी याचना गर्नुमा शिर्क गर्नु, नीयत गर्नुमा शिर्क गर्नु, आदेश पालन गर्नुमा शिर्क गर्नु ..... आदि ।

अब यहाँ एउटा प्रश्न उत्पन्न हुन्छ कि के कुनै व्यक्ति मात्र मूल मन्त्रलाई उच्चारण गरे पश्चात मूल मन्त्रद्वारा लाभान्वित हुन्सक्छ वा कुनै अरु चीजको अवश्यकता पर्छ ?

यस विषयमा कतिपयको धारणा छ कि कुनै पनि व्यक्तिलाई मात्र यो मूल मन्त्र पढनु नै पर्याप्त छ

अरु कुनै चीजको अवश्यकता पर्दैन । किन्तु यो धारणा एकदम गलत छ किनकि यो मूलमन्त्र मात्र एउटा वाक्य होइन बरु यसको महत्वपूर्ण अर्थ छ जसलाई जान्नु र त्यसै बमोजिम कार्य गर्नु, र त्यसलाई स्वीकार्नु अनिवार्य छ । एउटा हदीसमा वर्णन छ : " लाइलाहा इल्लल्लाह स्वर्गको साँचो हो " तर साँचोमा पनि दाँतीहरू हुन्छन् र लाइलाहा इल्लल्लाहको दाँतीहरू त्यसका शर्तहरू हुन् जसलाई धर्मविद्हरूले हदीसहरूबाट सिद्ध गरेका छन् र जुन निम्न हुन् :

१- **ज्ञान** : मूल मन्त्रको ज्ञान, अर्थात समस्त पूजा अराधना केवल अल्लाहकै लागि गरियोस्, र व्रत, नमाज, मन्नत, भाकल, बलि...आदि सबै अल्लाहकै लागि नै विशिष्ट गरियोस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ۞ وَقَضَىٰ رَبُّكَ أَلَّا تَعْبُدُوٓاْ إِلَّآ إِيَّاهُ وَبِٱلْوَٰلِدَيْنِ إِحْسَٰنًاۚ إِمَّا يَبْلُغَنَّ عِندَكَ ٱلْكِبَرَ أَحَدُهُمَآ أَوْ كِلَاهُمَا فَلَا تَقُل لَّهُمَآ أُفٍّ وَلَا تَنْهَرْهُمَا وَقُل لَّهُمَا قَوْلًا كَرِيمًا ٢٣ ﴾

الإسراء: ٢٣

अर्थ : र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पूजा नगर र

आमा बाबुको साथमा नम्र व्यवहार गर्दै गर यदि तिनीहरूमध्ये एउटा वा दुवै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरूलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु तिनीहरूसँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु । ( सूरतुल् इस्रा २३ )

र हदीसमा दूतवाँणी छ :

अर्थ : जसको मृत्यु यो जाने पश्चात भयो कि वास्तवमा अल्लाह बाहेक अरु कोही सत्य पूज्य छैन, त्यो स्वर्गमा प्रवेश गर्नेछ । ( मुस्लिम )

२- **विश्वास :** अर्थात मूल मन्त्रको अर्थमाथि दृढ विश्वास राख्नु, र अल्लाह र रसूलले दिएको समस्त सूचनाहरूमा विश्वास राख्नु । अर्थात कुनै व्यक्तिलाई मूलमन्त्र त्यस समयसम्म लाभ दिदैन जबसम्म त्यो व्यक्ति अल्लाहले अवतरित गरेका समस्त ग्रन्थहरू र समस्त सन्देष्टाहरू र अन्तिम दिन (प्रलयको दिन) एवं भाग्यमाथि दृढ विश्वास नराखोस् ।

अल्लाहको फर्मान छ :

﴿ إِنَّمَا ٱلۡمُؤۡمِنُونَ ٱلَّذِينَ ءَامَنُواْ بِٱللَّهِ وَرَسُولِهِۦ ثُمَّ لَمۡ
يَرۡتَابُواْ وَجَٰهَدُواْ بِأَمۡوَٰلِهِمۡ وَأَنفُسِهِمۡ فِي سَبِيلِ ٱللَّهِۚ
أُوْلَٰٓئِكَ هُمُ ٱلصَّٰدِقُونَ ١٥ ﴾ الحجرات: ١٥

अर्थ : मोमिनहरू त ती नै हुन् जसले अल्लाह र उसको रसूलमाथि ईमान ल्याउँछन् अनि उनीहरूले कुनै शंका सन्देह गर्दैनन् र आफ्ना धनसम्पत्ति र आफ्ना ज्यानले अल्लाहको मार्गमा जेहाद (धर्मयुद्ध) गर्दछन् । यीनै मानिसहरू असल (मुसलमान) हुन् । ( सूरतुल् हुजुरात १५ )

३- **अनुशरण** : जब तपाईलाई मूल मन्त्रको बारेमा ज्ञान र विश्वास भइसक्यो त त्यसै बमोजिम कर्म गर्नु अनिवार्य भयो । र अल्लाह र अल्लाहका रसूलले आदेश गरेका कुराहरूको अनुशरण अनिवार्य भयो । अल्लाहको फर्मान छ :

﴿ ۞ وَمَن يُسۡلِمۡ وَجۡهَهُۥٓ إِلَى ٱللَّهِ وَهُوَ مُحۡسِنٞ فَقَدِ
ٱسۡتَمۡسَكَ بِٱلۡعُرۡوَةِ ٱلۡوُثۡقَىٰۗ وَإِلَى ٱللَّهِ عَٰقِبَةُ ٱلۡأُمُورِ ٢٢ ﴾
لقمان: ٢٢

अर्थ : र जसले आज्ञाकारिताका साथ आफूलाई अल्लाहको अधीन गर्दछ र ऊ असल काम गर्ने पनि होओस् त उसले बलियो सहारा

समातिहाल्यो । सम्पूर्ण कुराहरूको परिणति अल्लाहतिर नै छ । ( सूरत् लुकमान २२ )

४- **स्वीकृति** : जब तपाईलाई मूल मन्त्रको बारेमा ज्ञान र विश्वास भइसक्यो त त्यसै बमोजिम कर्म गर्नु अनिवार्य भयो । र जसले पनि यसको ज्ञान भए पश्चात कुनै कारण त्यसलाई नकार्दछ भने त्यो काफिरहरू मध्येको हुनेछ जसरी कि काफिरहरूले यसलाई सत्य माने पश्चात पनि अभिमानको कारण यसलाई नकारेका थिए । जस्तोकि अल्लाहले भनेका छन्:

﴿ إِنَّهُمْ كَانُوٓا۟ إِذَا قِيلَ لَهُمْ لَآ إِلَٰهَ إِلَّا ٱللَّهُ يَسْتَكْبِرُونَ ﴿٣٥﴾ ﴾

الصافات: ٣٥

अर्थ : उनीहरूको यो अवस्था थियो कि जब उनीहरूसित भनिन्थ्यो: "कि अल्लाह बाहेक कोही सत्य उपास्य छैन" तब तिनीहरू अहंकार गर्दै अवज्ञा गर्दथे । ( सूरतुस्साफ्फात ३५ )

५- **सत्यता** : मूल मन्त्रमा सत्य र विशुद्ध विश्वास हुनुपर्छ जुन असत्यता र अशुद्धताको विरुद्ध होस् । अर्थात जसले पनि मुखले यस मन्त्रको उच्चारण गऱ्यो र हृदयले अस्वीकृत गऱ्यो त्यो मुसलमान नभएर कपटी भयो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ سَيَقُولُ لَكَ ٱلْمُخَلَّفُونَ مِنَ ٱلْأَعْرَابِ شَغَلَتْنَآ أَمْوَٰلُنَا وَأَهْلُونَا فَٱسْتَغْفِرْ لَنَا ۚ يَقُولُونَ بِأَلْسِنَتِهِم مَّا لَيْسَ فِي قُلُوبِهِمْ ۚ قُلْ فَمَن يَمْلِكُ لَكُم مِّنَ ٱللَّهِ شَيْـًٔا إِنْ أَرَادَ بِكُمْ ضَرًّا أَوْ أَرَادَ بِكُمْ نَفْعًۢا ۚ بَلْ كَانَ ٱللَّهُ بِمَا تَعْمَلُونَ خَبِيرًۢا ﴿١١﴾ ﴾

الفتح: ١١

अर्थ : (देहाती) गाउँलेहरू मध्ये जो पछि परिसकेका थिए उनीहरू अब तपाईसित भन्नेछन: कि "हाम्रा धन सम्पत्ति र हाम्रा बालबच्चामा हामी व्यस्त थियौं, तसर्थ तपाईले हाम्रा निम्ति क्षमाको प्रार्थना गरिदिनुहोस् !" उनीहरू आफ्नो जिब्रोले ती कुराहरू भन्दछन् जुन उनका हृदयमा छैनन् । भनिदिनुस् कि यदि अल्लाहले तिमीलाई नोक्सानी पुऱ्याउन चाहन्छ वा तिमीलाई फाइदा पुऱ्याउने इच्छा राख्दछ भने कसले उसको सामु तिम्रो निम्ति कुनै कुराको कुनै अख्तियारी राख्दछ ? (कोही छैन), बरु जे जति तिमीले गर्दछौ अल्लाहले त्यसलाई जान्दछ । ( सूरतुल् फतह ११ )

६- **प्रेम** : मूल मन्त्रसित प्रेम गर्नु, र त्यस मुलमन्त्र अनुसार व्यवहार गर्नेहरू सित पनि प्रेम गर्नु, र अल्लाह र अल्लाहका रसूल जससित प्रेम

गर्छन् त्यससित पनि प्रेम गर्नु । र जस जसलाई शत्रु ठान्दछन् तिनीलाई शत्रु ठान्नु, र अल्लाह र अल्लाहका रसूलको अनुशरण गर्नु एवं इस्लामका समस्त निर्देशन र विधिहरूको अनुशरण गर्नु र स्वीकार्नु । अल्लाहको फर्मान छ :

﴿ لَّا تَجِدُ قَوْمًا يُؤْمِنُونَ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْءَاخِرِ يُوَآدُّونَ مَنْ حَآدَّ ٱللَّهَ وَرَسُولَهُۥ وَلَوْ كَانُوٓا۟ ءَابَآءَهُمْ أَوْ أَبْنَآءَهُمْ أَوْ إِخْوَٰنَهُمْ أَوْ عَشِيرَتَهُمْ ۚ أُو۟لَٰٓئِكَ كَتَبَ فِى قُلُوبِهِمُ ٱلْإِيمَٰنَ وَأَيَّدَهُم بِرُوحٍ مِّنْهُ ۖ وَيُدْخِلُهُمْ جَنَّٰتٍ تَجْرِى مِن تَحْتِهَا ٱلْأَنْهَٰرُ خَٰلِدِينَ فِيهَا ۚ رَضِىَ ٱللَّهُ عَنْهُمْ وَرَضُوا۟ عَنْهُ ۚ أُو۟لَٰٓئِكَ حِزْبُ ٱللَّهِ ۚ أَلَآ إِنَّ حِزْبَ ٱللَّهِ هُمُ ٱلْمُفْلِحُونَ ﴿٢٢﴾ ﴾ المجادلة: ٢٢

अर्थ : जसले अल्लाह र कयामतका दिनमाथि आस्था राख्दछन्, उनीहरूलाई अल्लाह र उसको रसूलका दुश्मनहरूसित मित्रता गरेको तपाईले पाउनु हुन्न । चाहे उनीहरू तिनीहरूका बाबु वा छोरा वा भाइ वा उनको खलककै मानिसहरू किन नहोऊन् । यीनै ती मानिसहरू हुन्, जसको हृदयमा अल्लाहले ईमान लेखिदिएको छ र

अदृश्य अनुकम्पाले उनीहरूको सहायता गरेको छ र उसले उनीहरूलाई त्यस्ता स्वर्गहरूमा जसमुनि नहरहरू बगिराखेका छन्, प्रवेश गराउने छ, यिनी सधैं त्यसमा रहनेछन् । अल्लाह उनीहरूसित, र उनीहरू अल्लाहसित खुशी छन् । यही समूह अल्लाहको जमाअत हो । र सुनिराख कि अल्लाहकै जमाअत नै सफल हुन् । ( सूरतुल् मुजादला २२ )

७- **विशुद्धता** : मूल मन्त्रलाई स्वीकार्नु र त्यसको उच्चारण गर्नुमा मात्र अल्लाहको प्रसन्नता चाहनु । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ حُنَفَآءَ وَيُقِيمُواْ ٱلصَّلَوٰةَ وَيُؤۡتُواْ ٱلزَّكَوٰةَۚ وَذَٰلِكَ دِينُ ٱلۡقَيِّمَةِ ٥ ﴾ البينة: ٥

अर्थ : उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन् र एकाग्र भएर उसैको लागि धर्मलाई शुद्ध राखुन । र निष्ठाका साथ नमाज़ पढुन् र ज़कात देऊन् र यही नै सबैको साँचो धर्म हो । ( सूरतुल् बैयिन: ५ )

रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :
अर्थ : जसले पनि लाइलाहा इल्लल्लाह अल्लाहको प्रसन्नता प्राप्त गर्नुको लागि भन्यो त्यसमाथि

अल्लाह नर्कलाई हराम (वर्जितं) गरिदिन्छन् । ( बुखारी )

र मूल मन्त्रको दुरुस्तगी र शुद्धताको लागि यो पनि अनिवार्य छ कि ती समस्त कुराहरूबाट बाँच्नुस् जुन त्यस विपरीत छन् र ती मध्ये केही निम्न हुन् :

१- आफू एवं अल्लाह बीच कसै अरुलाई सिफारिशको लागि मध्यस्थ बनाउनु, र उनीलाई पुकार्नु, गुहार्नु । यदि कसैले उनीमाथि भरोसा गरेर यस्तो कर्म गऱ्यो भने त्यो काफिर भयो ।

२- बहुदेववादीहरूलाई काफिर नमान्नु, अथवा उनीहरूको काफिर हुनुमा शंका गर्नु, अथवा उनको निमन्त्रणलाई सत्य मान्नु । यस्तो गर्नेवाला मान्छे मूलमन्त्र पढे पश्चात पनि काफिर भइहाल्यो ।

३- यो आस्था राख्नु कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति भन्दा कसै आर्काको पद्धति उचित र उत्तम छ ।

४- मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले ल्याएको विधान भन्दा कसै आर्काको विधानलाई उत्तम ठान्नु, वा रसूल सल्लल्लाहो अलैहे वसल्लमले ल्याएका कुनै विधिसित घृणा गर्नु । यस्तो गर्ने मान्छे काफिर भइहाल्छ ।

५- अल्लाह र रसूलको धर्म इस्लामको कुनै निर्देशनको उपहास गर्नु अथवा कुनै नियमको उपहास गर्नु । यस्तो गर्नेवाला मान्छेलाई मूलमन्त्र कुनै लाभ पुऱ्याउँदैन ।

६- मुसलमानहरूको विरुद्ध बहुदेववादीहरूको सहयोग गर्नु ।

७- यो आस्था राख्नु कि केही विशेष मान्छेहरू माथि इस्लामका नियम कानून लागू हुँदैन ।

८- अल्लाहको धर्म इस्लामबाट मुख फर्काउनु, अर्थात नत त्यसको शिक्षा नै प्राप्त गर्नु नत त्यसानुसार कर्म नै गर्नु ।

९- अल्लाहको धर्म इस्लामको कुनै विधिलाई असत्य ठान्नु झुट्लाउनु ।

१०- अल्लाह र अल्लाहका रसूलद्वारा अवैध गरिएका कार्यहरूलाई वैध मान्नु । जसरी यो भन्नुः कि निर्लज्जता व्यभिचार वा बलात्कार... आदि वैध छन् । त यस्ता मानिसहरू मूलमन्त्र पढे पश्चात पनि नास्तिक नै रहन्छन् ।

## एउटा सन्देह र त्यसको निवारण

बुखारीको एउटा हदीसमा छ :

अर्थ : जस व्यक्तिले मूलमन्त्र पढ्यो र त्यसै अवस्थामा त्यसको मृत्यु भयो भने त्यो व्यक्ति स्वर्गमा जानेछ । ( बुखारी )

र आर्को हदीस जसलाई इमाम मुस्लिमले वर्णन गरेका छन् :

अर्थ : जस व्यक्तिले यो गवाही दियो कि अल्लाह बाहेक कुनै सत्य पूज्य छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा हुन्, त्यसमाथि अल्लाह नर्कलाई हराम गरिदिन्छन् । ( मुस्लिम )

यी दुवै हदीसबाट यो आभास हुन्छ कि जसले पनि आफ्नो जिब्रोले मात्र लाइलाहा इल्लल्लाह, मुहम्मदुर्रसूलुल्लाहको उच्चारण गऱ्यो त्यो नर्कबाट बाँच्यो र स्वर्गको हकदार भयो ।

तर बुखारीको आर्को हदीसमा यसरी वर्णन छ : " जस व्यक्तिको हृदयमा एउटा कणको बराबर पनि भलाई हुन्छ त्यसलाई नर्कबाट निकालेर स्वर्गमा हालिन्छ " । ( बुखारी )

र यस्तै आर्को ठाउँमा वर्णन छ : " नर्कको ज्वाला त्यस अङ्गलाई स्पर्श गर्दैन जस अङ्गद्वारा त्यो ढोग गर्छ " । ( बुखारी )

त यी हदीसहरू यस कुरालाई प्रमाणित गर्छन् कि मूलमन्त्र पढनेहरू पनि नर्कमा जानेछन्, र

मूलमन्त्र एवं कर्म मुक्ति दिलाउनुको लागि पर्याप्त छैनन् ।

र यस विषयमा सबैभन्दा उत्तम कुरा इमाम इब्ने तैमियाको छ जुन यो हो : " पहिलाका हदीसहरूको खुलस्त अर्थ यो हो कि जसले पनि दृढ विश्वासको साथ तथा हृदयको शुद्धताको साथ मूलमन्त्र पढ्यो र उसै अवस्थामा उसको मृत्यु पनि भयो त यस्ता व्यक्तिमाथि नर्क हराम भयो किनकि यसले आफूलाई अल्लाहमा समर्पित गऱ्यो । र ती हदीसहरू जसमा यो वर्णन छ कि कतिपय मानिसहरू मूलमन्त्र पढे पश्चात पनि नर्कमा जान्छन्, त त्यो यस्ता मान्छेहरूको बारेमा छ जुन देखादेखी अथवा रीतिले गर्दा मूलमन्त्र पढेका थिए, तर उनीहरूको हृदयले त्यसलाई स्वीकार गरेको थिएन बरु त्यसमाथि उनीहरूको विश्वास दृढ थिएन, र मृत्युको समयसम्म उनीहरू यसै अवस्थामा थिए । वा पहिला विश्वास गरेका थिए पछि त्यसमा कायम रहेनन् । त यस्ता मान्छेहरू नर्कमा अवश्य जानेछन् तर केही समय पछि स्वर्गमा प्रवेश पाउनेछन् " ।

## मूल मन्त्रको दास्रो खण्ड मुहम्मदुर्रसूलुल्लाहको अर्थ र शर्तहरू

यसको अर्थ हो: म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त र अन्तिम सन्देष्टा हुन् ।

र चिहानमा जुन प्रश्नहरू मान्छेसित गरिन्छ त्यसको उत्तर मात्र त्यो व्यक्ति नै दिन सक्छ जसले मूलमन्त्रको यस खण्डमाथि विश्वास गरी त्यसका शर्तहरू बमोजिम कर्म गरेको होस् । र यसका शर्तहरू निम्न हुन् :

१- नबी सल्लल्लाहो अलैहे वसल्लमले गरेका आदेशहरूको पालना गर्नु । अल्लाहको फर्मान छ :

﴿ مَّن يُطِعِ ٱلرَّسُولَ فَقَدۡ أَطَاعَ ٱللَّهَۖ وَمَن تَوَلَّىٰ فَمَآ أَرۡسَلۡنَٰكَ عَلَيۡهِمۡ حَفِيظٗا ۝٨٠ ﴾ النساء: ٨٠

अर्थ : जुन मानिसले रसूल(सल्लल्लाहो अलैहे वसल्लम)को आज्ञापालन गर्दछ, उसैले अल्लाहको आज्ञापालन गरे सरह मानिन्छ र जसले आज्ञा उल्लंघन गर्दछन् र बिमुख हुन्छन् हे पैगम्बर ( सल्लल्लाहो अलैहे वसल्लम) ! तपाईलाई यिनीहरू माथि रक्षक बनाई पठाइएको छैन । ( सूरतुन् निसा ८० )

र त्यो मान्छे कदापि स्वर्गमा प्रवेश पाउने छैन जसले रसूल सल्लल्लाहो अलैहे वसल्लमको अवज्ञा गऱ्यो । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : मेरो अनुयायीहरू मध्ये सबैले स्वर्गमा प्रवेश पाउने छन् ऊ बाहेक जसले इन्कार गऱ्यो ( मुख फर्कायो ) त उहाँका साथीहरूले सोधे हे अल्लाहका रसूल ! कसले इन्कार गर्छ ? त उहाँले भन्नु भयोः जसले मेरो आज्ञापालन गऱ्यो त्यो स्वर्गमा जान्छ र जसले अवज्ञा गऱ्यो त्यसले इन्कार गऱ्यो । ( बुखारी )

२- नबी सल्लल्लाहो अलैहे वसल्लमले जुन खबर दिनु भएको छ त्यसलाई सत्य मान्नु त्यसमा रत्ती बराबर पनि सन्देह नगर्नु ।

३- उहाँ सल्लल्लाहो अलैहे वसल्लमले वर्जित गरेका कार्यहरूबाट टाढा रहनु । जस्तोकि शिर्क, ठूला पापहरू, इस्लाम विरोधी क्रियाकलापहरू आदिबाट टाढा रहनु ।

४- अल्लाहको उपासना नबी सल्लल्लाहो अलैहे वसल्लमको तरिकामा गर्नु, र अल्लाहको पूजा नबी सल्लल्लाहो अलैहे वसल्लमको तरिका बाहेक कुनै तरिकानुसार जायज छैन । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले कुनै यस्तो तरिकाले कार्य गऱ्यो जुन हाम्रो तरिका अनुसार छैन त त्यो कार्य व्यर्थ छ । ( मुस्लिम )

**कुनै मान्छे मुस्लिम कसरी बन्न सक्छ**

राम्ररी अर्थ बुझेर पूर्ण आस्थाको एवं विश्वासको साथ मूलमन्त्र पढे वित्तिकै व्यक्ति मुसलमान भइहाल्छ । र यसको साथ मुसलमान बन्नुको लागि निम्नका कुराहरू पनि अति आवश्यक छन् :

१- यस कुरामा विश्वास गर्नु कि कुरआन अल्लाहद्वारा अवतरित गरिएको उसको साक्षात वाँणी हो ।

२- यस कुरामा विश्वास गर्नु कि अल्लाहले कुरआनमा घोषणा गरे अनुसार महाप्रलय अवश्य घटित हुनेछ ।

३- इस्लामलाई आफ्नो धर्मको रूपमा अङ्गीकार गर्नु ।

४- अल्लाह बाहेक कुनै वस्तु एवं व्यक्तिको उपासना अराधना नगर्नु ।

५- मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भने बमोजिम क्षमायाचना र प्रयाश्चित गरी अल्लाहको शरणमा जानु .... आदि ।

## अहलुस्सुनः वल जमाअःको अर्थ र सिद्धान्त

कुरआन र हदीसमाथि सुदृढ रही कर्म गर्ने र त्यसैमाथि एकमत रहनेहरूलाई अहलुस्सुनः वल जमाअः भनिन्छ ।

हामी अहलुस्सुनः वल् जमाअः अल्लाहमाथि, त्यसका फरिश्ताहरू माथि, त्यसका रसूलहरू माथि, त्यसका समस्त ग्रन्थहरू माथि, र महाप्रलय र भाग्यमाथि र भाग्यको हानि र लाभमाथि आस्था राख्दछौं ।

र यो आस्था राख्दछौं कि अल्लाह एउटै छ, त्यो सर्वशक्ति सम्पन्न छ, त्यसको कोही साझीदार एवं समकक्षी छैन, त्यो नै सत्य उपास्य हो, त्यस बाहेक सबै पूज्य असत्य हुन् ।

र यो आस्था राख्दछौं कि त्यस अल्लाहका लागि राम्रा राम्रा नाम एवं विशेषताहरू छन्, त्यो नाम एवं विशेषताहरू अति परिपूर्ण छन् त्यस जस्तो कोही छैन । जस्तोकि अल्लाहको कथन छ :

﴿ فَاطِرُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۚ جَعَلَ لَكُم مِّنۡ أَنفُسِكُمۡ
أَزۡوَٰجٗا وَمِنَ ٱلۡأَنۡعَٰمِ أَزۡوَٰجٗا يَذۡرَؤُكُمۡ فِيهِۚ لَيۡسَ كَمِثۡلِهِۦ
شَيۡءٞۖ وَهُوَ ٱلسَّمِيعُ ٱلۡبَصِيرُ ١١ ﴾ الشورى: ١١

अर्थ : ऊ आकाशहरू र धरतीको स्रष्टा हो। उसले तिम्रो निम्ति तिम्रै सहजातिबाट जोडी बनायो र चौपायाहरूको जोडी पनि। यस्तै तरिकाले तिमीलाई यहाँ फैलाइरहेको छ। ऊ जस्तो कुनै कुरा छैन, र ऊ सुन्दछ र जान्दछ। ( सूरतुश्शूरा ११ )

र यो आस्था राख्दछौं कि आकाश र पृथ्वीहरूमा उसैको शासन छ र त्यो नै समस्त ब्रह्माण्डको स्वामी हो।

र यो आस्था राख्दछौं कि त्यो नै समस्त ब्रहमाण्डको पालनकर्ता हो, र सबैलाई जीविका प्रदान गर्नेवाला सर्व लौकिक र सर्व ज्ञानी छ। अल्लाहको फर्मान छ :

﴿ ذَٰلِكُمُ ٱللَّهُ رَبُّكُمْ ۖ لَآ إِلَٰهَ إِلَّا هُوَ ۖ خَٰلِقُ كُلِّ شَىْءٍ فَٱعْبُدُوهُ ۚ وَهُوَ عَلَىٰ كُلِّ شَىْءٍ وَكِيلٌ ﴿١٠٢﴾ ﴾

الأنعام: ١٠٢

अर्थ : यो अल्लाह नै तिम्रो पालनकर्ता हो उस बाहेक अरु कोही पूजनीय छैन उही नै प्रत्येक कुराको सृष्टिकर्ता हो। तसर्थ तिमी उसैको उपसना गर र उही सम्पूर्ण कुराहरूको सु-सञ्चालन गर्ने संयोजक हो। ( सूरतुल् अन्आम १०२ )

र हाम्रो यो आस्था पनि छ कि प्रलयको दिनको ज्ञान मात्र उसै अल्लाहलाई छ, र गोप्य अदृश्यको ज्ञान पनि ।

र यो आस्था पनि छ कि अल्लाह कुरा गर्छ वार्तालाप गर्छ र जसरी चाहन्छ त्यसरी गर्छ, र त्यसका वाँणीहरू सत्य एवं परिपूर्ण छन्, र त्यसको निसाफ नयापूर्ण छ, र त्यसको हुकुम सर्वमान्य छ ।

र हाम्रो यो आस्था पनि छ कि कुरआन अल्लाहको साक्षात वाँणी हो, जसलाई अल्लाहले जिब्रीलको माध्यमले आफ्नो अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरेको छ ।

र हाम्रो यो आस्था पनि छ कि अल्लाह आफ्नो अर्श (सिंहासन) माथि उच्च छ, र आफ्नो शक्ति एवं ज्ञानद्वारा समस्त ब्रह्माण्डलाई घेरामा लिएको छ ।

र हाम्रो यो आस्था पनि छ कि अल्लाहले समस्त संसार आकाश र पृथ्वीलाई ६ दिनमा सृष्टि गर्‍यो, अनि आफ्नो अर्शमाथि उच्च भयो, र त्यो अर्शमाथि उच्च हुनुको साथ आफ्नो सृष्टिको नजिक पनि छ आफ्नो अपार ज्ञान एवं शक्तिले

गर्दा, र त्यो समस्त सृष्टिको समस्त कार्यलाई हेरिराखेको छ त्यो सर्व ज्ञानी र सर्व लौकिक छ । र हामी पथभ्रष्ट समूहहरू झैं यो भन्दैनौं कि अल्लाह सृष्टि बीच पृथ्वीमा छ, यस्तोखालका कुरा गर्नेहरू पथविचलित छन् ।

र ती सबै कुराहरूमाथि हाम्रो आस्था छ जुन अल्लाहले र अल्लाहका अन्तिम सन्देष्टाले अल्लाहको बारेमा खबर दिएका छन् जसरी अल्लाह कुरा गर्दछ, अल्लाह रातीको तेस्रो खण्डमा संसारीय आकाशमा अवतरण गर्दछ.... आदि ।

र हाम्रो यो आस्था पनि छ कि अल्लाह जे चाहन्छ गरिहाल्छ, र जसलाई चाहन्छ प्रशस्त अनुग्रह प्रदान गर्छ र जसलाई चाहन्छ त्यसको जीविका संकुचित गरिदिन्छ ।

र यो पनि आस्था छ कि अल्लाह आफ्ना वली मित्रहरूसंग प्रेम गर्छ, र उनीहरू अल्लाहसित प्रेम गर्छन्, र अल्लाह सत्कर्म गर्नेहरूसित प्रसन्न हुन्छ, र कुकर्म गर्नेहरूमाथि क्रोधित हुन्छ ।

र हाम्रो यो आस्था पनि छ कि अल्लाहको अनुहार पनि छ र हातहरू पनि, र आँखाहरू पनि छन् र पाइला पनि, तर कसरी र कुन आकारका छन् यसबारे हामीलाई कुनै ज्ञान छैन बरु हाम्रो यो

आस्था छ कि ती त्यस्तै होलान् जस्तो अल्लाहको लागि उचित छ ।

र हाम्रो यो आस्था पनि छ कि यस संसारिक जीवनमा कुनै मनुष्य अल्लाहलाई हेर्न सक्दैन, तर प्रलयको दिन आस्थावानहरू अल्लाहलाई हेर्ने शुभ अवसर पाउने छन् ।

र हाम्रो यो आस्था पनि छ कि त्यसका विशेषताहरू जस्तो कसैको विशेषता छैनन् जसरी त्यसको ज्ञान जस्तो कसैको ज्ञान छैन, त्यसको शक्ति जस्तो कसैको शक्ति छैन । र यो कदापि हुन पनि सक्दैन किनकि स्रष्टा र सृष्टिका विशेषताहरू एकनास हुनै सक्दैनन् यो त सबैलाई नै थाहा छ । र हामी अल्लाहका विशेषताहरूको इन्कार पनि गर्दैनौं र त्यसलाई कसैसित दाँज्दैनौं र त्यसलाई कसै जस्तो पनि भन्दैनौं । र हामी यस विषयमा समस्त पथविचलित समूहहरूको विरोध गर्दछौं ।

र हाम्रो यो आस्था पनि छ कि कुरआन र हदीसमा कुनै टकराव र विरोध छैन, तर यदि हामीलाई कतै यस्तो लाग्छ भने हाम्रो बुद्धि एवं ज्ञानको कमी र विकारको कारण यस्तो लाग्दछ, वास्तवमा दुवै बीच कुनै भिन्नता र टकराव छैन किनकि दुवै अल्लाहद्वारा अवतरित गरिएका छन् ।

र हाम्रो यो आस्था पनि छ कि फरिश्ताहरू अल्लाहको सृष्टिहरू मध्ये एक हुन्, उनीहरूलाई अल्लाहले प्रकाशबाट सृष्टि गरेको छ, र मनुष्य उनीहरूलाई हेर्न सक्दैन, त्यस मान्छे बाहेक जसलाई अल्लाह देखाउन चाहुन्, जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लमले जिब्रीललाई उहाँको असली शकल र आकारमा हेरेका थिए । र हामी केही फरिश्ताहरूका नाम र विशेषताहरू अर्थात कार्यहरू पनि जान्दछौं जसरी हजरत जिब्रील वह्य ल्याउनुका लागि निर्धारित छन्, त मिकाईल वर्षा गराउनुमा खटाइएका छन्, र इस्राफील सिंगा बजाउनको लागि नियुक्त छन् र मलेकुल् मौत ज्यान झिक्नुमा नियुक्त छन् ... आदि । त समस्त फरिश्ताहरूलाई जुन कार्य सुम्पिएको छ त्यसैलाई गरिराखेका छन् र तिनीहरू अल्लाहको कहिले पनि अवज्ञा गर्दैनन् । र हाम्रो यो आस्था पनि छ कि अल्लाहले आफ्ना सन्देष्टाहरू माथि प्रमाणित सत्य पुस्तकहरू अवतरित गऱ्यो, जुन समस्त ब्रह्माण्डको लागि पथप्रदर्शक हो, र ती किताबहरू मध्ये केहीको बारेमा हामीलाई थाहा छ त केहीलाई हामी जान्दैनौं । त ती थाहा भएका ग्रन्थहरू मध्ये तौरात हजरत मूसामाथि अवतरित गरियो, र

इन्जील हजरत ईसामाथि, र जबूर हजरत दाऊदमाथि, र सुहुफे इब्राहीम हजरत इब्राहीममाथि अवतरित गरियो । र अन्तमा यस विश्वको लागि अन्तिम विधानको रूपमा पवित्र कुरआन हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरियो । त यस पवित्र ग्रन्थले अघिका समस्त ग्रन्थहरूलाई निलम्भित गरेर समस्त मानव दानव जातिलाई आफ्नो विधानतर्फ निमन्त्रण गर्‍यो । र यस ग्रन्थको सुरक्षाको जिम्मेवारी हाम्रा परम् पालनकर्ताले आफै लिएका छन् किनकि यसभन्दा पहिलाका ग्रन्थहरूलाई त्यसका अनुयायीहरूले परिवर्तित गरेर त्यसका सत्य निर्देशनहरूमा असत्य कुराहरू मिश्रित गरेर आफ्नो इच्छा मुताबिक बनाइहालेका थिए र हरामलाई हलाल बनाएर पथभ्रष्ट भइहालेका थिए । यसै कारण यस अन्तिम ग्रन्थको सुरक्षाको जिम्मेवारी अल्लाहले आफै लिएका हुन् कि जसले पनि जति प्रयास गरेमा यसमा कुनै प्रकारको थपघट नगर्न सकोस् । र यो यस पवित्र कुरआनको चमत्कार पनि हो कि यति युग बितेपछि पनि त्यसको एउटा मात्रा पनि परिवर्तित भएछैन ।

र हाम्रो यो आस्था पनि छ कि अल्लाहले थुप्रै सन्देष्टाहरू पनि मानव र दानव जातितर्फ साझो मार्ग देखाउनको लागि पठाउनु भयो, त ती सन्देष्टाहरू मध्ये केहीलाई हामी जान्दछौं त अधिकतम्लाई हामी जान्दैनौं, र सन्देष्टाहरू मध्ये प्रथम सन्देष्टा हजरत नूह हुन् र अन्तिम सन्देष्टा हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन् । र ती सबै सन्देष्टाहरू मध्ये सबैभन्दा विशिष्ट र महान हजरत मुहम्मद हुन् अनि हजरत इब्राहीम अनि हजरत मूसा र नूह हुन् ... आदि ।

र हाम्रो यो आस्था पनि छ कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको शरीअत ( विधानहरू) सबैको शरीअतमाथि प्रधानता प्राप्त छ, र प्रत्येक सन्देष्टाको शरीअतलाई आफ्नो घेरामा लिएको छ । र सबै सन्देष्टाहरू अल्लाहका सदाचारी भक्त हुन्, उनीहरूलाई सन्देष्टा बनाई अल्लाहले उनीहरूलाई अरु मानव र दानवमाथि प्रधानता प्रदान गरेको छ ।

र हाम्रो यो आस्था पनि छ कि अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमद्वारा सन्देष्टाहरूको आउने क्रमलाई विराम दियो, र उहाँ पश्चात कोही नबी आउने छैन उनी समस्त सन्देष्टाहरूको समापक हुनुहुन्थ्यो ।

र हाम्रो यो आस्था पनि छ कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको शरीअत इस्लाम धर्म हो, जसलाई अल्लाहले समस्त संसारको लागि रोजेको छ र इस्लाम बाहेक अरु समस्त धर्म इस्लाम आए पश्चात निलम्भित भए, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗاۚ ٣ ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना कृपाहरू पुरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौं,.. । ( सूरतुल् माइदा ३ )

﴿ وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ ٨٥ ﴾ آل عمران: ٨٥

अर्थ : जुन मानिस इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ भने उसको धर्म स्वीकार गरिने छैन र उसले आखिरतमा घाटामा पर्ने मध्येको हुनेछ । ( सूरतु आले इम्रान ८५ )

र हाम्रो यो आस्था पनि छ कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको प्रतिनिधि मध्ये सबैभन्दा श्रेष्ठ हजरत अबू बक्र हुन् अनि हजरत

उमर बिन खत्ताब अनि हजरत उसमान अनि हजरत अली रजिअल्लाहु अन्हुम अजमईन हुन् । र हाम्रो यो आस्था पनि छ कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका अनुयायीहरू सबै अनुयायीहरूभन्दा श्रेष्ठ छन्, र ती मध्ये सबैभन्दा श्रेष्ठ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू छन्, फेरि ताबईनहरू, अनि तबअ् ताबईनहरू अनि तयसभन्दा पछिका वंशहरू ..... आदि ।

र हाम्रो यो आस्था पनि छ कि एउटा अन्तिम दिन छ जस पश्चात कुनै दिन छैन अर्थात प्रलयको दिन, जसदिन मृतकहरू फेरि जीवित गराउइने छन् र सबैको कर्मको हिसाब किताब र लेखाजोखा हुनेछ ।

र हामी मुहम्मद सल्लाहो अलैहे वसल्लमको विशिष्ट सिफारिशमाथि आस्था राख्दछौं, र उहाँको हौजे कौसरमाथि आस्था राख्दछौं जसको पानी दूधभन्दा सेतो र महभन्दा मिठो हुनेछ, र जसले त्यस जलबाट खान्छ त्यो सदैंवको लागि तिर्खा मुक्त भइहाल्छ ।

र हाम्रो यो आस्था पनि छ कि नर्कमाथि एउटा पुल हुन्छ जसको नाम पुलसिरात हुन्छ, सबैलाई त्यसमाथिबाट जानु पर्नेछ, र स्वर्ग र नर्कमाथि

पनि हाम्रो आस्था छ, र यो आस्था छ कि स्वर्ग सुकर्मीहरूको लागि तयार गरिएको छ रनर्क कुकर्मीहरूको लागि तयार गरिएको छ। र स्वर्ग रनर्कका ती सबै विशेषताहरू माथि पनि आस्था राख्दछौं जुन कुरआन र हदीसमा वर्णित छन्।
र हाम्रो यो आस्था पनि छ कि भाग्य निर्धारित छ र त्यसको हानि र लाभ माथि पनि हाम्रो आस्था छ, र भाग्यका समस्त श्रेणीहरूलाई पनि हामी मान्दछौं र यो आस्था राख्दछौं कि कर्म गर्नुमाथि प्राणीलाई स्वतन्त्रता दिइएको छ सुकर्म गरे त्यो भाग्यवान र कुकर्म गरेर दोषी घोषित हुन्छ ..... आदि।
त्यो अहलुस्सुनः वल् जमाअः का संक्षिप्त आस्था र सिद्धान्त हुन् अल्लाह हामीलाई यसमा सुदृढ रहने शक्ति प्रदान गरुन् (आमीन)

## विशुद्ध आस्थाका लाभहरू

- अनन्त शान्ति र स्वर्गको प्राप्ति ।
- नर्कबाट मुक्ति ।
- वास्तविक र आनन्द र अन्तरिक शान्ति ।
- पूर्वका पापहरूको क्षमादान ।
- सर्वश्रेष्ठ सफलता ।
- चिहानका सजायहरूबाट मुक्ति ।
- मृत्युको कष्टबाट मुक्ति ।
- अल्लाहको दर्शनको सुअवसर ।
- अल्लाहका कृपा र दयाको पात्र र अधिकार ...... आदि ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई

क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780-9727649238

00966-0501372254

Email-atiqkhannp1982@yahoo.com